मुख्यमन्त्री

सुदूरपश्चिम प्रदेश सरकार
धनगढी, कैलाली, नेपाल ।

सुदूरपश्चिम प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
धनगढी, कैलाली, नेपाल
२०७४

## “हार्दिक अपिल”

सुदूरपश्चिम प्रदेशका विभिन्न स्थानहरुमा २०८२ साल असार १५ गतेदेखि भईरहेको भारी बर्षाका कारण बाढी, डुबान, भू-क्षय, पहिरो लगायतका प्राकृतिक विपत्तिहरुले आम जनजीवन प्रभावित भएको छ । जल तथा मौसम विज्ञान विभाग अन्तरगत मौसम पूर्वानुमान महाशाखाका अनुसार आगामी केही दिनसम्म पनि भारी बर्षा हुने सम्भावना रहेकोले साना ठुला नदी, नाला, खोला तथा जलस्रोतको सतह उच्च हुन सक्ने र बाढी, डुबान, भू-क्षय, पहिरो लगायतको जोखिम अझ बढ्न सक्ने पूर्वानुमान गरिएको छ । यसले यातायात, हवाई सेवा लगायतका क्षेत्रहरुमा असर पार्न सक्ने र दैनिक जनजीवन थप प्रभावित हुन सक्ने सम्भावना रहेकोले सम्पूर्ण प्रदेशवासीलाई विशेष सतर्कता अपनाउनुहुन हार्दिक अनुरोध गर्दछु । साथै बाढी, पहिरो लगायतको विपद्द्वारा प्रभावित भएका तथा प्रभावित हुन सक्ने व्यक्तिहरुको उद्दार, राहत तथा सहयोगका कार्यमा सबै सरकारी निकाय, सुरक्षा निकाय, स्थानीय तह र सरोकारवाला संघसंस्थाहरुलाई उच्च सतर्कता र तयारी अवस्थामा रहन निर्देशन गर्दछु ।

मितिः २०८२/०३/१५

कमल बहादुर शाह
मा. मुख्यमन्त्री

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी